**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**
हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- गर्मीबाट जोगिन, आवश्यक कामबाहेक घरबाट बाहिर ननिस्कनुस्
- हलुका र खुकुलो लुगा लगाउनुस्
- तिर्खा लाग्नुपहिले नै पानी पिउनुहोस् ।
- मौसमी फलफूल र हरियो तरकारी खानुहोस्, जङ्क फुड र मसलादार भोजन नगर्नुहोस् ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ०१ गते मङ्गलवार // मूल भस्म नबन्दैमा झिल्को भैकन बल्जुछ // 2024 May 14 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५१

## तरकारी किसानको लागि दिइएको तालीम प्रभावहीन

प्रस, सेढवा, ३१ वैशाख/ पर्साका ग्रामीण किसानहरूलाई रकम खर्च गरी विभिन्न तालीम कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । गाउँपालिका तथा पर्सागढी नगरपालिकासहित अन्य पालिकाले सङ्घीयता लागू भएको



मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि विभिन्न तालीमको आयोजना गर्दै आए पनि प्रभावकारी हुन सकेको छैन । किसानहरूको जीवनस्तर उकास्न विभिन्न पालिकाहरूले लाखौं तर तालीम कार्यक्रमबाट अहिलेसम्म कोही पनि व्यावसायिक तरकारी उत्पादन गर्ने सिपालु किसान बन्न सकेका छैनन् ।

जिल्लाका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी करीब सात वर्षमा तालीम कार्यक्रमका लागि करोडौं रकम खर्चेका छन् । तर उपलब्धि भने शून्य देखिन्छ । अहिले पनि किसानहरू परम्परागत तरीकाले तरकारी उत्पादन गरिरहेका छन् ।

युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले जनप्रतिनिधिहरूले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नको लागि तालीम दिलाएकाहरूले अहिलेसम्म केही गर्न सकेका छैनन् ।

लामो समयदेखि तरकारीखेती गर्दै आएका पटेर्वासुगौली गाउँपालिका वडा ४ दाप सुगौली निवासी जगतनारायण पञ्जियारका अनुसार पालिकाले बजेट सिध्याउन तथा कार्यकर्तालाई पाल्नका लागि मात्र तालीमको आयोजना हुने गरेको आरोप लगाए ।

तालीममा लक्षित वर्गलाई नसमेटी जनप्रतिनिधिहरूले आआफ्ना आसपासे तथा पार्टी कार्यकर्ताहरूलाई पठाउने गरेको पञ्जियारले जिकिर गरे । तालीममा सहभागीहरूले पनि भत्ता खानेबाहेक अरु कुनै पनि क्रियाकलाप नगर्दा पालिकाको लाखौं रकम स्वाहा भएको पञ्जियारले

(बाँकी पाँचौं पातामा)

## विद्यालयमा मेयर शिक्षा कार्यक्रम

प्रस, वीरगंज, ३१ वैशाख/ वीरगंज महानगरका प्रमुख



राजेशमान सिंहले सोमवारदेखि महानगरका सामुदायिक विद्यालयहरूमा कक्षाकोठामा मेयर कार्यक्रम शुरू गरेका छन् । सोमवार वीरगंज महानगर-४ स्थित महावीरप्रसाद रघुवीर राम त्रिजुद्ध मावि प्राविधिक विद्यालयबाट नगरप्रमुख सिंहले यो कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

उनले विद्यालयको कक्षाकोठामा पुगेर अध्ययनरत विद्यार्थीहरूमा उत्प्रेरणा बढाउने कक्षा लिएका थिए । नगरप्रमुख सिंहले चालू शैक्षिकसत्रदेखि सामुदायिक विद्यालयहरूमा डिजिटल कक्षा सञ्चालन शुरू भएको र त्यसको उपयोगिता र प्रभावकारिताबारे पनि अवलोकन गरेका थिए ।

नगरप्रमुख सिंहले आजदेखि शुरू गरेको यो अभियान सातामा एकपटक फरक विद्यालयमा गरिने बताइएको छ । कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई त्रिजुद्ध माविमा उनले हौसला बढाएको विद्यालयका प्रअ नवीन मिश्रले बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले पनि विद्यार्थीहरूको हौसला बढाउने कक्षा लिएका थिए ।

सो अवसरमा नगरप्रमुख सिंहले त्रिजुद्ध माविको अनुगमन गर्दै त्यहाँ उपलब्ध साधनस्रोतको अवस्था र प्रयोगशालाबारेमा जानकारी लिएका थिए । सो अवसरमा नगरप्रमुख सिंहले कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूलाई पुस्तक हस्तान्तरण गरेका थिए । महानगरपालिकाले चालू शैक्षिकसत्रदेखि ३० वटा सामुदायिक विद्यालयमा नेपाली भाषा सिकाइका लागि डिजिटल कक्षा सञ्चालन शुरू गरेको नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले बताए ।

## वन क्षेत्रमा विनाइजाजत अस्फाल्ट बेचिङ प्लान्ट सञ्चालन

प्रस, निजगढ, ३१ वैशाख/ निजगढ नगरपालिका-९ आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र विगत चार वर्षदेखि वीरगंजको रञ्जन निर्माण सेवाले वन ऐन, कानूनको बर्खिलाप अस्फाल्ट बेचिङ प्लान्ट उद्योग सञ्चालन गर्दै आएको छ ।

पूर्व–पश्चिम महेन्द्र राजमार्गस्थित निजगढ सडकखण्डको दक्षिण भमरा पुल पूर्वतर्फ अनुमति नलिएर स्थानीय तह निजगढ नगरपालिकाको आडमा अस्फाल्ट बेचिङ प्लान्ट उद्योग सञ्चालन गरेको पाइएको छ । शुरूका वर्ष निजगढ नगरपालिकाको क्षेत्रभित्रका सडकहरूमा कालोपत्रका लागि अस्फाल्ट पिच गुणस्तरीय हुने भन्दै त्यस बेला निजगढ नगरपालिकाका केही जनप्रतिनिधिहरूले वन समूहको वन क्षेत्रको खाली चौरमा प्लान्ट सञ्चालन गर्न सकिने ठाउँ देखाए पनि उद्योगले सम्बन्धित वन समूह, वन कार्यालयसँग इजाजत नलिईकनै कानूनविपरीत प्लान्ट सञ्चालन गर्दै



रञ्जन निर्माण सेवाद्वारा सञ्चालित अस्फाल्ट बेचिङ प्लान्ट उद्योग । तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक

आइरहेको छ । यसविरुद्ध उद्योगसँग लिखित प्रमाण माग गरिएको तर अहिलेसम्म जवाफ नआएको आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहका

(बाँकी अन्तिम पातामा)

## वर्षा भएपछि किसान हर्षित



तस्वीर: प्रतीक

बलिराम शुक्ला, विरवागुठी, ३१ वैशाख/ पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा सोमवार भएको वर्षाले किसानहरू खुशी भएका छन् ।

गत साता परेको हल्का वर्षाले किसानले लगाएको बालीलाई खासै फाइदा गरेको थिएन । तर आज बिहानदेखि परेको भारी वर्षाका कारण बाली लगाएका किसानहरू खुशी भएका हुन् ।


आजको वर्षाले विशेषगरी चैते धान, मकै र तरकारीबालीलाई फाइदा पुऱ्याएको पर्सागढी नगरपालिका वडा नं ३ का किसान भुलन खाँ थारूले बताए ।

अत्यधिक गर्मीका कारण तथा लामो समयदेखि भारी वर्षा नहुँदा सिंचाइको लागि किसानले खेतमा गाडेको बोरिङ सुकन थालेको अवस्थामा आज बिहानैदेखिको भारी वर्षाले केही समयको लागि किसानहरूलाई राहत हुने देखिएको छ ।

किसानहरूले लगाएका चैते धानमा सिंचाइ गरी युरिया मल दिने समयमा वर्षा हुँदा झनै फाइदा पुगेको अर्का किसान नारायणप्रसाद दाहाल बताउँछन् ।

लामो समयदेखि वर्षा नहुँदा पर्साको राष्ट्रिय वनमा लागेको डढेलोको कारण वातावरण सुक्खा भएर वन्यजन्तु, चराचुरुङ्गीहरूलाईसमेत अप्ठेरो परेको बेला आजको वर्षाले राहत दिएको छ ।

## एभरेस्ट बैंकविरुद्ध कलैयामा प्रदर्शन




तस्वीर: सौजन्य

प्रस, वीरगंज, ३१ वैशाख/ कलैया उपमहानगरपालिकामा रहेको एभरेस्ट बैंकमा स्थानीय ऋणीहरूले विरोध प्रदर्शन गरेका छन् । बैंकले ऋणीहरूलाई साँवा र ब्याजका लागि ताकेता गरेर मानसिक यातना दिएको आरोपसहित स्थानीय ऋणीहरूले सोमवार भरतचोकबाट विरोध प्रदर्शन गर्दै गढीमाई जाने सडकमा रहेको एभरेस्ट बैंकअगाडि प्रदर्शन गरेका थिए । उनीहरूले बैंक मैनेजरको पुतला दहन गर्दै बैंकमा ढुङ्गामुढा पनि गरेका थिए । प्रदर्शनकारीहरूले बैंकले साँवाको ब्याजमा ब्याज थप गरेर आठ प्रतिशतको ब्याजलाई २४ प्रतिशत पारेको र ऋणीहरूलाई साँवा र ब्याजको लागि निरन्तर ताकेता गरेर मानसिक यातना दिएका कारण केहीले आत्महत्या पनि गरेको र केही मानसिक रोगी बनेका उनीहरूले आरोप लगाएका थिए ।

प्रदर्शनकारीहरूले बैंक सरह केही लघुवित्तहरूले पनि ऋणीहरूलाई निरन्तर ताकेता गरेको आरोप लगाएका थिए । उनीहरूले बैंक र लघुवित्तहरूले व्यवहारमा सुधार नगरे सशक्त आन्दोलन चर्काउने चेतावनी दिए ।

## दुबईमा तीन सय नेपाली पीडा भोग्दै



तस्वीर: प्रतीक

प्रस, वीरगंज, ३१ वैशाख/ वैदेशिक रोजगारमा नेपालबाट विभिन्न म्यानपावर कम्पनीबाट दुबई गएका तीन सय नेपाली अहिले पीडामा छन् । अञ्जली, नीलकमल र तिलगङ्गा ओभरसिजबाट दुबईको जबलहलीस्थित मेरेस्को कन्स्ट्रक्शनमा कामका लागि पठाइएका तीन सयजना नेपाली मजदूरलाई तोकिए बमोजिमको सेवासुविधाहरू नदिएको र सोविरुद्ध आवाज उठाउँदा अहिले उनीहरूलाई खान, बस्नबाट पनि वञ्चित गरिएको बताइएको छ ।

नेपालबाट रोजगारका लागि दुबई गएका पर्सा जिल्ला मुडलीका २४ वर्षीय नीरजकुमार चौरसियाले म्यानपावर कम्पनीले एक हजार १५० दिनार मासिक तलब पाउने भनेर पठाएको तर त्यहाँ ७५० दिनार मात्र पाएको बताए । तीन महीना अघि वैदेशिक रोजगारमा गएका उनले अहिले भने अनुसारको मासिक तलब सेवासुविधा माग गर्दा कम्पनीले खान र बस्नबाट पनि वञ्चित गरेको आरोप लगाएका छन् ।

सिन्धुली जिल्ला बालाजुरी गापा-३ बस्ने चमारा सिंहले पनि म्यानपावर कम्पनीहरूले भनेर पठाए अनुसारको सेवासुविधाबाट वञ्चित पारिएको र सोको विरोध गर्दा खान, बस्न नदिइएको बताए । अहिले मेरेस्को कन्स्ट्रक्शनमा तीन सय नेपालीले सोही पीडा भोगिरहेको उनले बताए ।

## शोक समवेदना



ॐ श्री हनुमान वृद्धाश्रमलाई प्राप्त जग्गा व्यवस्थापनमा शुरू दिनदेखि सहयोग पुऱ्याउँदै आएका अमिन राजहुसेनका पिता महम्मद रहमदिनको ८५ वर्षको आयुमा निधन भएकोमा हामी दुःखी छौं । दिवङ्गतको आत्माको चिरशान्तिका साथै शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

ॐ श्री हनुमान वृद्धाश्रम

### विचारसार र सुक्तिहरू

**कसैको अनुचित व्यवहार सहन गर्नु सहनशीलता होइन वरन् मूर्खता हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


## धन र धर्म दुवै गयो

**भोजपुरीमा एउटा उखान छ धनो गइल, धर्मो गइल, अर्थात् धन पनि गयो धर्म पनि गयो। अहिले जनता समाजवादी पार्टी नेपाल यही उक्तिको शिकार भएको छ । जुनसुकै गठबन्धन बन्दा खुसुक्क सरकारमा पसेर मन्त्री पद लिन पल्केको जसपा नेपाल यसपटक भने यस प्रकारको तिकडमबाजी नचलेपछि सरकारबाट बेइज्जत भएर खेदिनुपरेको छ भने मधेस प्रदेश सरकारबाट पनि बेइज्जत भएर हट्न बाध्य हुनुपरेको छ । जसपा नेपालका अध्यक्ष एवं उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव विदेश भ्रमणमा जानु अघि नेपाली काङ्ग्रेससँग सहमति बनाएर गएका थिए । त्यो सहमतिमा नेकपा एस पनि थियो । नेकाका सभापति शेरबहादुर देउवा, नेपाल र यादवबीच आलोपालो प्रधानमन्त्री बन्ने सहमति भएको थियो। यो कुरा नेकपा एसका अध्यक्ष माधव नेपालले सार्वजनिक मञ्चबाट घुमाउरो तालबाट फुस्काए । उनको त्यो फुस्काइ नियोजित थियो कि प्रायोजित अहिले बहसको विषय भएको छ । नेपालले फेरि प्रधानमन्त्री बन्दैछु भनेर उद्घोष गर्नु र एमाले नेतृत्वलाई चिढाउने प्रयास गर्नु नेका र जसपा नेपालसँग भएको गोप्य सहमति खोल्ने प्रयास थियो कि वास्तवमा त्यतिखेरको उन्माद बुझ्नै गाह्रो भएको छ । उनको त्यो खुलासापछि नै जसपा नेपालका अध्यक्ष यादव स्वदेश आउनुपूर्व पार्टी फुटाउनुका साथै निर्वाचन आयोगबाट वैधानिकता दिलाउनेसम्मको काम गरिएको थियो ।**

**अध्यक्ष यादव नेतृत्वको जसपा नेपाल, एमाले र माओवादी केन्द्रको चाहनामा पार्टी टुक्रिएको कुरा कसैबाट छिपेको छैन। जसपा नेपाल यसबीच तीन टुक्रा भयो । अध्यक्ष यादव विदेशबाट आएसँगै सरकारबाट नबाहिरिने अभिव्यक्ति दिए। तर उनको यो अभिव्यक्ति उपप्रधानमन्त्री र उनको पार्टी नेतृत्वको मधेस प्रदेश सरकार टिकाइराख्ने कारण बन्न सकेन । बरु मिति गुज्रिएको औषधी झैं उल्टो बेफाइदा दिन शुरू गऱ्यो। वैशाख ३० गते जसपा नेपालका अध्यक्ष यादवलाई प्रधानमन्त्री प्रचण्डले उपप्रधानमन्त्रीबाट राजीनामा दिन सुझाव दिए । सोही दिन मधेस प्रदेश सरकारलाई दिएको समर्थन माओवादी केन्द्रले फिर्ता लियो। माओवादीसँगै एमालेले पनि समर्थन फिर्ता लिने काम गऱ्यो । अहिले जसपा नेपालको नेतृत्वमा मधेस प्रदेशको नेतृत्व मुख्यमन्त्री सरोजकुमार यादवले दुई वर्षदेखि सम्हाल्दै आएका छन् । मधेस प्रदेश सरकारबाट नेकपा (एमाले) र (नेकपा) माओवादी केन्द्र बाहिरिएसँगै मुख्यमन्त्री यादवको सरकार अल्पमतमा परेको छ ।**

**मधेस प्रदेशसभामा एमालेको प्रत्यक्ष र समानुपातिक गरी २४, माओवादी केन्द्रको प्रत्यक्ष र समानुपातिक गरी आठजना सदस्य छन् । अहिले दुई पार्टीका ३२ जनाले हात झिकेपछि मुख्यमन्त्री यादवको सरकार अल्पमतमा मात्र परेको छैन, नैतिकताको आधारमा आजभोलि राजीनामा गर्नुपर्ने बाध्यकारी अवस्थामा पुगेको छ किनभने नेकासमेतको समर्थन पाएपनि सरकार बनाउने हैसियत बन्दैन । जसपा नेपालबाट मधेस सरकारमा प्रत्यक्षमा नौ र समानुपातिका सातजना गरी १६ जनाको प्रतिनिधित्व छ। यसमा पार्टी टुक्रिएको र सरकारबाट पनि बाहिरिएकोले थप कतिले पार्टी छाड्ने हुन् यकीन छैन । अहिले जनमत पार्टी, लोसपासँग मिलेर माओवादी वा एमाले नेतृत्वमा मधेस प्रदेशमा सरकार बनाउने गृहकार्य शुरू भइसकेको छ । यी चार पार्टीको गठबन्धनमा मधेस प्रदेश सरकारमा बहुमतका लागि चाहिने ५४ जना सांसदको सङ्ख्या पर्याप्त हुन्छ ।**

# लोकतन्त्र : कहाँ छौ हामी ?

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**नेपाल कुनै बेला खाद्यान्न निर्यात गर्ने देश थियो । आफूलाई चाहिंदो राखेर अन्न बेचिरहेको मुलुक जब कृषक निर्यात गर्न थाल्यो । यसले मुलुक भोकभोकै मर्नुपर्ने स्थिति आयो । भारतले गहुँ नदिंदा मुलुक आतङ्कित हुन्छ ।**

लोकतन्त्रको विकल्प झन् उन्नत लोकतन्त्र नै हो । त्यसो भनिरहँदा के हाम्रो देशको १७ वर्षको लोकतान्त्रिक अभ्यासले देश, जनता र जनजीविकाको लागि के दियो भन्दा भ्रष्टाचार, कुरीति, गरीबी, अभाव, युवा पलायन, सत्ताको खिचातानी, भूटानी शरणार्थी प्रकरण, न्यायालय प्रकरण, ओम्नी प्रकरण, गिरिबन्धु चिया बगान प्रकरण, संसद् अपहरण प्रकरण, अर्थात् २०६३ साल पछिका प्रकरणहरूको व्याख्या गरी साध्य छैन। शिक्षा, स्वास्थ्य, सञ्चार गृह (कान्तिपुरका प्रकरणहरू), प्रदेश र स्थानीय तहमा भएका काण्डलगायत कुनै संवैधानिक संस्था अछूतो छैन ।

हो, राजाधानीमा बालेन र संसद्मा रास्वपाको प्रवेशले केही आस देखिएको छ । देशका बेथितिहरू अहिले जनताको अगाडि छताछुल्ल हुन थालेका छन् । अहिले हामीलाई थाहा हुँदैछ कि कसरी यी धमिराहरूले देशलाई खोक्रो बनाइरहेका छन्। र यो कुरामा दुई मत छैन कि लोकतन्त्रकै कारण बालेन र रवि लामिछानेजस्ता युवाहरूले आफ्नो ठाउँ पाएका छन् ।

लोकतन्त्र उच्च मानव पूँजी सञ्चय, कम मुद्रास्फीति, कम राजनीतिक अस्थिरता, र आर्थिक स्वतन्त्रतासँग सम्बन्धित छ। लोकतन्त्र, शिक्षाको स्तर र जीवनयापनजस्ता आर्थिक विकासका स्रोत र शैक्षिक संस्थाहरूको सुधार र स्वास्थ्य सेवासँग घनिष्ठरूपमा जोडिएको छ ।

आर्थिक असमानता छिचोल्दै जानु लोकतन्त्रको मुख्य उद्देश्य हुनुपर्छ नत्र त्यो लोकतन्त्र नभएर सुकिला–मुकिलाहरूको शासन पद्धतिबाहेक केही हुने छैन । 'आर्थिक लोकतन्त्र' भनेर चिनिने सामाजिक–आर्थिक सिद्धान्तले समाजका सबैलाई अर्थतन्त्रमा सहभागी हुन प्रोत्साहन गर्छ ।

नेपालले लोकतन्त्रलाई कहिल्यै सदुपयोग गर्न सकेन। विकास भन्नासाथ सधैं बन्न पुग्यो संरचना निर्माणमा सीमित। त्यसमा पनि मुख्य लगानी बाटो र पुल निर्माणमा केन्द्रित देखिन्छ । गाउँपालिका र नगरपालिकामा भवन निर्माणले उच्च प्राथमिकता पाएको देखिन्छ । यस्तै देखिन्छ विद्यालय, महाविद्यालयदेखि स्वास्थ्यचौकी र उपस्वास्थ्य चौकी निर्माण पनि। सिमसार क्षेत्र संरक्षण, जलाधार क्षेत्र संरक्षण, ताल, पाटी–पौवा संरक्षण र संवर्द्धन, मन्दिर, गुम्बा, मदरसाहरूको संरक्षण संवर्द्धनमा पनि केही काम भएका छन् ।

खानेपानी, सरकारी सेवा विस्तार तथा सञ्चारका क्षेत्रमा पनि काम भएको लाग्छ । अरू नभए पनि गर्नैपर्ने थियो शिक्षा, स्वास्थ्य र उत्पादनको प्रवर्द्धन । दुर्भाग्य ! यी क्षेत्र बन्न सकेनन् प्राथमिकताका विषय । नेपाली माटो र परम्परा जीवन्त राख्दै आधुनिक ज्ञान–विज्ञानलाई आत्मसात् गर्ने शिक्षा हो चाहिएको । सुधार र परिमार्जन गर्ने नाउँमा पश्चिमा परम्पराको अन्धानुकरण गरियो। यसले शिक्षालाई माथि उठाउने भन्दा कमजोर र निरीह तुल्याउने काम गऱ्यो र गरिरहेछ। कमजोर पाठ्यक्रम, परीक्षा नीति, अक्षराङ्कन पद्धति, उत्तरपुस्तिका परीक्षण र नतीजा प्रकाशनको प्रक्रिया, यसको प्रकाशन गर्ने निकै लामो समयावधि, विभिन्न प्रकृतिका शिक्षक र अपवादबाहेक उनीहरूमा सेवा, समर्पण र त्यागको भावना जगाउन सकेको, ज्ञान र त्यसको व्यावहारिक प्रयोगलाई भन्दा परीक्षामुखी पठनपाठन आदि इत्यादिका कारण शिक्षाको स्तर उकासिन सकेको देखिन्न । अन्य विषयभन्दा अङ्ग्रेजी–मोह कम गर्ने र राष्ट्रभाषा र राष्ट्रिय संस्कृति, माटो र आदर्शमाथि अगाध आस्था जगाउने भन्दा विदेश जाने, उतै बस्ने र उतैको संस्कृति अवलम्बन गर्ने चाहना पैदा हुनु मुख्य विकृति हो ।

स्वास्थ्य क्षेत्रमा धेरै काम भएको छ । अस्पताल, स्वास्थ्यचौकी, उपचौकी आदि निर्माणेदेखि जनशक्ति व्यवस्थापन गर्ने र साधनस्रोत खरीद गर्नेसम्मका काम भएका छन्। उपचारका क्रममा साना–ठूला रोगमा जनतालाई छूट दिने निर्णय र त्यसको कार्यान्वयन पनि भएको छ। तर उच्चस्तरको साधन स्रोतको व्यवस्थापनसँगै सुदूर पश्चिमी पहाड र पूर्वका इलाकाहरूमा मेडिकल कलेज खोल्नेदेखि नागरिकलाई निश्शुल्क स्वास्थ्यसेवा दिनेसम्मको काम भएन । सहुलियत पहुँच पुऱ्याउन सक्नेलाई मात्र प्राप्त भयो। आफैं आवाज उठाउन नसक्ने र अरूले आवाज उठाइदिने मान्छे नहुने सर्वसाधारण सधैं वञ्चितिमा रहँदै आयो । अर्थात् काम त भएको छ तर सबैमा माफियाको कब्जा छ । एउटै व्यसक्त संसद सदस्य, उसकै सहकारी, अस्पताल र ठूला मिडिया हाउस तिनै माफियाको कब्जामा छ ।

लोकतन्त्र आएको यतिका वर्षपछि पनि पद्धति निर्माण हुन सकेन। त्यसमा नराम्ररी चुकेको छ राज्य। बोल्नै नपर्ने र कुनै अनुरोध, अनुनय–विनय नगरीकनै राज्यले त्यस्तो व्यवस्था गर्न सकेको भए आज राज्यमात्र नभई व्यवस्थासमेत शक्तिशाली बन्थ्यो । मुख्यत: पहिले काङ्ग्रेस, एमाले र पछि काङ्ग्रेस, एमाले र माओवादीहरूको परस्पर शत्रुतापूर्ण व्यवहारले गर्दा अझ दलभित्र पैदा भएको गुटहरूले नै सबै चौपट भएको देखिन्छ।

त्योभन्दा पनि राज्यले उत्पादनको द्वार नै बन्द गरिदियो। पञ्चायतकालका ससाना द्वारहरू पनि कहिल्यै नखोलिने गरी टालिदियो । लोकतन्त्र स्थापनासँगै भारतले उत्पादनलाई पहिलो प्राथमिकतामा राख्यो र आज विश्वलाई खाद्यान्नदेखि जहाज निर्यात गर्नेसम्मको हैसियतमा पुग्यो । चीन पनि ५०/६० वर्षको अन्तरालमा आर्थिक तथा सामरिक दृष्टिले विश्वकै सम्भ्रान्त मुलुकमा परिणत भयो । नेपाल विकसित नभए पनि विकासोन्मुख श्रेणीमा पक्कै चढ्थ्यो र देशमा न्यूनतम आधारभूत चीज हुन्थ्यो । मुलुक त्यसै पनि प्राकृतिक, सांस्कृतिक तथा सामाजिक दृष्टिले सम्पन्न छँदैछ । उचित व्यवस्थापन मात्रले पनि देश समृद्धितर्फ लम्कन्थ्यो ।

जे होस् प्रकृति, संस्कृति र समाजका विविधतालाई क्यासमा रूपान्तरण गर्न सकेन, त्यो दुर्भाग्यको विषय बन्न पुगेको छ । यसलाई रुपियाँमा रूपान्तरण गर्न सकेको भए नेपाली युवाहरू पढाइ र कामको बहानामा विदेशिनुपर्ने थिएन । अझ डिभीका निम्ति लाइन लाग्ने थिएन। न खाडीमा गएर मुटु, कलेजो र मिर्गौला बिगार्ने स्थिति आउने थियो, न कफनमा शिलबन्दी भएर फर्कनुपर्ने स्थिति आउँथ्यो।

नेपाल कुनै बेला खाद्यान्न निर्यात गर्ने देश थियो। आफूलाई चाहिंदो राखेर अन्न बेचिरहेको मुलुक जब कृषक निर्यात गर्न थाल्यो । यसले मुलुक भोकभोकै मर्नुपर्ने स्थिति आयो। भारतले गहुँ नदिंदा मुलुक आतङ्कित हुन्छ। घरको छत खसेर किचिएला, गोमन साँपले डस्नै लागेको वा बाघले झम्टिन लागेको स्थितिजस्तै । भारतले चिनी नदिने भन्दा उस्तै आतङ्क पैदा भयो। प्याज, आलु, दाल, तरकारी, चामल नदिने हो भने नेपाल भोकै बस्ने स्थिति देखिएको छ ।

जग्गा बाँझो छ । मान्छे आफू बसिरहेको थातथलो छोडेर शहर केन्द्रित हुन थाल्यो । पैसाले नै सबै मिल्छ भन्ने मानसिकताको विकास भयो। खेतीपाती गर्दा तल परिन्छ, खेतीपाती गरेर आफैंले उत्पादन गरेको खान सके स्वस्थ भइने र परिवारजन पनि स्वस्थ हुने तथ्यलाई सरकारले बुझाउन सकेन । फलत: धेरै मान्छेले लागत र उत्पादनका बीच नाफा, घाटाबारे अध्ययन तथा विश्लेषण गरेर खेती गर्न छाडिदिए । बरु भारतीय गुणस्तरहीन तथा विषादियुक्त उत्पादन खाने, आफैंले उत्पादन गरेर स्वस्थकर चीज खानमा घाटा देखे ।

भारतका सफल तथा चर्चित अभिनेता अमिताभ बच्चन स्वयं उत्पादन गरेको मात्र उपभोग गर्दछन्। अर्ग्यानिक मलको उपयोग गरेर उत्पादन गर्छन् र स्वस्थकर खाने वस्तुमा विश्वास गर्छन्। र, त्यस्तै वस्तुमात्र उपभोग गर्ने भएकैले पनि हुन सक्छ उनी ८० वर्षभन्दा उँभो लागिरहँदा पनि स्वस्थ छन् र प्रमुख भूमिकामा देखिंदै आएका छन् ।

यसैले गुणस्तरहीन धेरै उत्पादनभन्दा गुणस्तरयुक्त खाद्य पदार्थ उत्पादन गरी उपभोग गर्न प्रेरित गर्नुपर्छ। तरकारी, मौसमी फलफूल, गेडागुडी, दूध, कोदो, धान, फापरजस्ता वस्तु आफैं उत्पादन गर्दा त्यो सुस्वादु र पौष्टिक हुन्छ। रोग प्रतिरोध क्षमता अभिवृद्धि गर्नुका साथै रोग लाग्नै नदिने र लागिहाले पनि निको पार्न सक्ने गुण हुन्छ । चामल बोरामा होइन, दूध प्याकेटमा होइन, तरकारी, टमाटर आदि क्यारेटमा होइन बारीमा फल्छ भन्ने आफ्ना सन्तानलाई देखाउन, सिकाउन र लगाउन उत्प्रेरित गर्नुपर्छ ।

खानी उत्खनन गर्ने, प्रशोधन गर्ने र विश्व बजारमा पुऱ्याउन ध्यान जानु आवश्यक छ। हिमाली निर्मल जललाई पेय जलका रूपमा विश्व बजारसम्म पुऱ्याउन, जलविद्युत्का सम्भावनाहरूलाई निस्स्वार्थभावले बजारीकरण गर्न तथा पश्मिनाजस्तै गार्मेन्ट उत्पादक उद्योगहरूलाई पनि प्रोत्साहित गर्न तथा नेपालीलाई चाहिने आवश्यक तरकारीसँग जोडिएका मसला, जडीबुटी आदि प्राथमिकतामा राख्न सक्नुपर्थ्यो। चिया, कफी, अलैंची, अदुवाजस्ता वस्तुको अर्ग्यानिक उत्पादन गर्न पनि ध्यान जानु नितान्त आवश्यक थियो ।

उखु उत्पादक किसानलाई त उद्योग र राज्य मिलेर चितामा चढाइ नै दिएको देखिन्छ। उनीहरूले उखु मासेर अरू नै खेती गर्न विवश हुनु, सनपाट, केराखेती गर्ने किसानहरू पनि पछुताउने स्थितिमा पुग्न दिनु हुने थिएन। तर, राज्यले दैनिक जीवनसँग जोडिएका उत्पादनलाई प्रोत्साहित गर्न र त्यसको प्रवर्द्धन गर्न सकेको देखिन्न । फलत: राज्य असफलताको ओरालो मार्गतिर ढल्कँदै गएको छ ।

जबसम्म आर्थिक लोकतन्त्रको अनुसरण गरिंदैन, देश कहिल्यै उभो लाग्दैन। आर्थिक लोकतन्त्र स्थापना गर्न सार्वजनिक स्वामित्व, नियन्त्रण र विकेन्द्रीकरणको संयोजन आवश्यक छ। आधुनिक आर्थिक लोकतन्त्रका विज्ञहरू स्थानीय अर्थतन्त्र र आत्मनिर्भरताको वकालत गर्छन्। यसमा क्रेडिट युनियन, गैर–लाभकारी संस्था र श्रमिक सहकारीहरू स्थापना गर्नुपर्ने हुन्छ । अन्त्यमा,

लोकतन्त्रको विकल्प तानाशाही वा अर्को कुनै क्रेसी हुनै सक्दैन । यसको विकल्प नै झन् झाङ्गिएको, विकसित र प्रगतिशील लोकतन्त्र नै हो ।

# शिक्षा मन्त्रालयको निर्देशनपछि दलीय राजनीति छाड्दै शिक्षक र कर्मचारी

काठमाडौं, ३१ वैशाख/रासस

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक–कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको सकारात्मक प्रभाव परेको छ।

शिक्षक–कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्यसमेत भएको गुनासोपछि शिक्षामन्त्री सुमना श्रेष्ठको यही वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो।

केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाई गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइलाई निर्देशन दिएको थियो।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजूरी र गुनासो प्राप्त भएपछि मन्त्रालयले विद्यमान कानूनी व्यवस्थाले सो कार्यलाई निषेध गरेकोले कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो। शिक्षकहरूले पढाइ हुने समयमा समेत दलीय राजनीतिमा लागेर शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिएको गुनासो आएपछि मन्त्रालयले कानूनी व्यवस्था पालना गर्न निर्देशन दिएको थियो । शिक्षक सङ्गठनका नेताहरूले भने राजनीतिक आस्था हुन पाउने अधिकार वञ्चित नगर्न आग्रह गर्दै आएका थिए।

शिक्षा ऐन २०२८ (नवौं संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्ध हुन नपाउने व्यवस्था गरेको छ। सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानूनी व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्न–गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका महासचिव हंसबहादुर शाहीका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन्। कतिपय शिक्षकले भने सम्बन्धित दललाई भनेर आफ्नो सदस्यता नाम परिवर्तन गरेर अभिलेखीकरण गरिदिन आग्रह गरेको पाइएको छ ।

शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासङ्घका प्रतिनिधिबीच शनिवार भएको भेटवार्तामा मन्त्रालयको निर्देशन कार्यान्वयनका विषयमा छलफल भएको थियो। शिक्षक नेताहरूले बाहिर विरोध गरे पनि कानूनी बाध्यताका कारण मन्त्री र मन्त्रालयका अधिकारीका सामु निर्देशन पालनाका पक्षमा रहेको जनाउन विवश

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# अवकाशपछि कृषि कर्ममा मस्त सुकदेव

सिराहा, ३१ वैशाख⁄रासस

प्रायः मानिस जागीर छोडेर अवकाशपछिको जीवन कसरी व्यतीत गर्ने भन्ने चिन्तामा रुमल्लिएको देखिन्छ। कोही भने स्वतन्त्ररूपले जिउन चाहन्छन्। कुनै पेशा व्यवसायमा आबद्ध हुनुभन्दा पनि सामाजिक क्षेत्रमा लाग्नेहरू बढी देखिन्छन्।

तर सिराहाको लहान नगरपालिका–१६ का सुकदेव चौधरीको भने उपसचिवबाट अवकाशपछिको जीवन अलि फरक शैलीमा बितिरहेको छ। विसं २०७९ मा नेपाल सरकारको जल तथा ऊर्जा आयोगको इलेक्ट्रोनिक इन्जिनीयर अन्तर्गत उपसचिवबाट अवकाश पाएसँगै व्यावसायिक कृषि पेशामा संलग्न भए।

त्यसको लागि उनले जागीरे जीवनमै देश तथा विदेश भ्रमणताका विभिन्न कृषि क्षेत्रको अवलोकन गरी अवकाशपछि यही पेशा गर्छु भन्ने सङ्कल्प गरिसकेको बताउँछन्।

सिराहा जिल्लामै ड्रागनखेतीको सुरुआत आफूले गरेको दाबी चौधरीको छ। "जागीरबाट अवकाश पाउने बित्तिकै कृषि कर्ममा हात हालेको छु। अवकाश हुनुभन्दा केही वर्ष अघिदेखि नै ड्रागनखेती शुरू गरिसकेको थिएँ। त्यसपछि फलफूलखेती, माछा व्यवसाय र माहुरी व्यवसाय पनि एकसाथ शुरू गरेको छु," उनले भने, "अहिले दुई वर्ष भयो व्यवसायमा सोचेभन्दा राम्रो सफलता पाएको छु।"

चौधरीले १४ कट्ठा क्षेत्रफलमा ड्रागनखेती गरेका छन्। त्यसैगरी, फलफूलको बगैंचा पनि निर्माण गरेका छन्। जसमा सय⁄सय बोट लिची र कागती रहेका छन्।

त्यसैगरी, आँप, उष्ण क्षेत्रमा फल्ने स्याउ, सेतो जमुना, एभोकाडो, मौसमी अनार, सुन्तला जस्ता फलफूलका बिरुवा पनि लगाएको चौधरीले बताए। त्यस्तै, चारवटा पोखरी निर्माण गरी छ प्रजातिका माछा व्यवसाय रहेको छ।

त्यसैगरी, आठ घारबाट माहुरी व्यवसाय पनि शुरु गरेका छन्। पेशाले इलेक्ट्रोनिक इन्जिनियरबाट अवकाशपछि यही क्षेत्रको निजी स्रोतमा ४०–५० हजारको जागीर सजिलै पाउने भए तापनि आफूलाई कृषि कर्ममा खुशी र सन्तुष्टि मिल्ने चौधरी बताउँछन्।

"अवकाशपछि आफूलाई कसरी व्यस्त र खुशी राख्ने भन्नेबारे मानिसको आआफ्नो धारणा हुन सक्छ। मलाई भने आफ्नै खेतबारीमा परिश्रम गरी शान्त वातावरणमा बाँकी जीवन व्यतीत गर्न मन लाग्यो," चौधरीले भने, "वास्तवमा प्रत्येक व्यक्तिले जे गर्दा आफ्नो मन खुशी हुन्छ वा सन्तुष्टि मिल्छ त्यही गर्नुपर्छ।

कसैलाई घुमफिर गर्न मन लाग्छ, कोही समाजसेवामा आफूलाई सन्तुष्टि पाउँछन्। कोही जागीरको व्यस्तताले आफूलाई मन परेको काम गर्ने रहर मेट्न पाएका हुँदैनन्। जुनसुकै काम गरे पनि मन सन्तुष्ट हुने काम गर्नुपर्छ।"

**वार्षिक १० लाख आम्दानी**

चौधरीका अनुसार दुई वर्षअघिदेखि फल दिन शुरू गरेको ड्रागन शुरूको वर्ष जम्मा एक क्विन्टल मात्र भएको थियो। तर दोस्रो वर्ष भने १६ क्विन्टल फल दिएको उनले बताउँदै आगामी वर्षमा ३० क्विन्टल हुने अनुमान गरे।

प्रतिकिलो ड्रागनको फल रु तीन सयदेखि पाँच सयसम्म बिक्री वितरण भएको जनाउँदै मुख्यगरी यसको बजार सिराहाको लहान, गोलबजार र सदरमुकाम सिराहा तथा उदयपुरको गाईघाट र कटारी भएको चौधरीले बताए।

यसरी ड्रागनखेती, माछा र माहुरी व्यवसायबाट वार्षिक रु १० लाखको कारोबार हुने चौधरीले बताए। ससाना फलफूलको बोट भने हुर्कने प्रक्रियामा रहेकाले फल लाग्न बाँकी रहेको छ। त्यसैगरी, आगामी वर्षमा आफ्नो व्यवसाय थप विस्तार गर्ने योजना रहेको पनि चौधरीले जानकारी दिए।

**स्थानीयलाई रोजगार**

कृषि कर्ममा चौधरी सक्रियताका साथ आफैं बिहानदेखि बेलुकासम्मै खटन्छन्। उनलाई जीवनसङ्गिनी हरिदेवी चौधरीले साथ दिएकी छन्। उनका एक छोरा भने अध्ययनको सिलसिलामा विदेशमा छन्।

जागीरे जीवन हुँदा काठमाडौँमा करीब १६ वर्ष पत्नीले सुगर र प्रेसरको औषधि खानुपरेको भए तापनि अहिले खेतबारीमा श्रम गर्दा उक्त रोग नियन्त्रणमा रहेको र कुनै औषधि खानै नपरेको चौधरी बताउँछन्।

"केही नगरी बसेर दिन कटाउनु भनेको रोग पाल्नु जस्तै रहेछ। त्योभन्दा त काममा शरीरलाई व्यस्त राख्दा शरीर पनि फुर्तिलो, खाने कुरा पनि अर्गानिक उत्पादन हुने रहेछ," चौधरीले भने। चौधरीले ड्रागनखेतीभित्रै अर्गानिक कम्पोस्ट मल प्रयोग गरी प्याज, लसुन, भान्टा जस्ता तरकारी पनि लगाएका छन्। उनले अहिले पाँचजना स्थानीयलाई नियमित रोजगारमा काम पनि दिलाएका छन्।

युवाहरू बेरोजगार भएँ भन्दै भौतारिने समस्या देख्दा दुःख लाग्ने उनी बताउँछन्। "मेहनत गरेपछि जीविकोपार्जन गर्न कुनै समस्या छैन। तर त्यसको लागि स्पष्ट दृष्टिकोण चाहिन्छ। नेपालमा जमीनको महत्त्व नबुझेर विदेश जाने प्रवृत्ति छ। किन विदेश जानु ? खेतबारी बाँझै किन छोड्नु ? विदेशमा जति नै मेहनत यहीं गर्ने हो भने सुनै फलाउन सकिन्छ नि," चौधरीले भने।

जागीरबाट अवकाश लिएपछि पनि मनलाई खुशी राख्न मानिसले आफूलाई कुनै न कुनै रूपमा सक्रिय राख्नुपर्छ भन्ने मान्यता चौधरीको छ। "सक्रिय हुनु भनेको आफ्नो शरीरलाई मात्रै होइन मनलाई पनि सक्रिय राख्नु हो।

मानिसले आफूलाई सक्रिय राख्यो भने मात्रै आफ्नो मनलाई खुशी राख्न सकिन्छ। अनिमात्रै स्वस्थ, खुशी र सुखी जीवन जिउन सकिन्छ," चौधरी अगाडि भन्छन्, "नेपालको परिप्रेक्ष्यमा त अवकाश लिने भनेको जागीर खानेको लागि मात्रै हो भन्ने धारणा छ।

तर त्यस्तो होइन। शरीरले धानेसम्म काम गर्ने हो। सबैलाई राज्यबाट निवृत्तिभरण प्राप्त हुन्छ भन्ने छैन। निवृत्तिभरण प्राप्त भएपनि त्यो आफ्नो र परिवारको जीवन धान्न पर्याप्त हुन्छ भन्ने पनि छैन।

बुढेसकाल धान्न राज्यबाट सुविधा प्राप्त हुन्छ भन्ने पनि छैन। त्यसैले अवकाशपछिको जीवनबारे पूर्वतयारी गरिएन भने जीवन धान्न मुश्किल हुन्छ।"

# सट्टेबाजीमार्फत रु दुई अर्बभन्दा बढीको कारोबार गर्ने पक्राउ

काठमाडौँ, ३१ वैशाख⁄रासस

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विश्वमा सञ्चालन हुने विभिन्न खेलहरूमा सट्टेबाजी गर्न प्रयोग हुने बेटिङ, वानएक्स बेट, जुवा ३६५ तथा क्रिप्टोमार्फत रु दुई अर्ब एक करोडभन्दा बढीको कारोबार गरेको अभियोगमा एकजनालाई पक्राउ गरी सोमवार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक मण्डदेउपुर नगरपालिका–८ घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका–२ बस्ने २४ वर्षीय अनिल ढुङ्गाना रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले आज पत्रकार सम्मेलनमार्फत जानकारी दिए।

उनले भने, "ढुङ्गानाले ५५ वटा बैंक खातामार्फत उक्त कारोबार गरेको पाइएको र निजले वानएक्स बेट, जुवा ३६५ जस्ता अनलाइन बेटिङ वेबसाइटको प्रयोग गरी रु दुई अर्ब एक करोडभन्दा बढीको कारोबार गरेको खुलेको छ।"

यसैगरी, निजसँग विभिन्न व्यक्तिका नाममा रहेका मोबाइल नम्बरबाट ११ वटा कनेक्ट आइपिएस, १५ वटा इसेवा वालेटमा लिङ्क गरिएका ५६ वटा बैंकमा हालसम्म रु दुई अर्ब एक करोड १८ लाख ४४ हजार कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट भेटिएको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताए।



बिनान्समार्फत दुईवटा खाता प्रयोग गरेर विभिन्न २४३ प्रकारका क्रिप्टोकरेन्सीमा हालसम्म नेपाली रु एक अर्ब ३४ करोड कारोबार गरेको भेटिएको जानकारी दिइएको थियो।

# जसपा आधिकारिकता विवाद सर्वोच्चमा

काठमाडौँ, ३१ वैशाख⁄रासस

निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गरेका छन्।

निर्वाचन आयोगलगायतलाई विपक्षी बनाइ सोमवार दायर गरेको रिट निवेदनमा राई नेतृत्वको जनता समाजवादी पार्टीलाई दिएको आधिकारिकताको निर्णयलाई खारेज गर्न माग गरिएको छ। रिट निवेदनमा भनिएको छ, "राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत दल त्याग गरी जाने विपक्षी नम्बर २ देखि ८ सम्मका विपक्षीहरू रहेको सङ्घीय संसद्को सदस्य पद राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३१ को अधीनमा रही खारेज गर्नु भनी परमादेशको आदेश जारी गर्दै निजहरूलाई सङ्घीय संसद्को सदस्यको हैसियतले कुनै पनि कार्य गर्न नदिनु भनी प्रतिशोधलगायत परमादेशको आदेश जारी गरी पाउँ।"

यही वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिएका थिए। सोही निवेदनको आधारमा निर्वाचन आयोगले यही वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो। जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये पाँचजना मात्रै सांसद रहेका छन्। उक्त विवादमा आगामी जेठ २ गते प्रारम्भिक सुनुवाइका लागि पेसी तोकिएको छ।

# आगामी मनसुनमा सरदरभन्दा बढी पानी पर्ने सम्भावना –विभाग

काठमाडौँ, ३१ वैशाख⁄रासस

जल तथा मौसम विज्ञान विभागले आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाएको छ।

राष्ट्रिय मनसुन फोरम, २०८१ ले आगामी मनसुनी अवस्थाबारे सोमवार आयोजित सार्वजनिक कार्यक्रममा विभागमा मौसमविद् सुदर्शन हुमागाईले अधिकांश स्थानमा सरदरभन्दा ३५ दशमलव चार प्रतिशतदेखि ५५ दशमलव चार प्रतिशत अधिक वर्षा हुने सम्भावना रहेको जानकारी दिए।

सुदूरपश्चिम प्रदेशको उत्तरी–पश्चिम भूभाग, बाग्मती प्रदेशको दक्षिण–पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिम भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ दशमलव चार प्रतिशतदेखि ६५ दशमलव पाँच प्रतिशत छ।

साथै कर्णाली प्रदेशको पश्चिमी भूभाग, गण्डकी प्रदेशको मध्य भूभाग तथा कोशी प्रदेशको उत्तरपूर्वी भूभागमा सरदर रहने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ।

साथै न्यूनतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ६५ दशमलव चार प्रतिशत रहेको विभागको अनुमान छ।

# जसपाद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

काठमाडौँ, ३१ वैशाख⁄रासस

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

जसपा अध्यक्ष उपेन्द्र यादवले सोमवार सभामुखलाई पत्र पठाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराएका हुन्।

अध्यक्ष यादवले जसपाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिई सरकारबाट समेत बाहिरिएको बताए। उनले आफ्नो पार्टी सरकारबाट समेत बाहिरिएकाले संसद्मा प्रतिपक्षमा नै बसी रचनात्मक भूमिका निर्वाह गर्ने बताए।

राष्ट्रिय ...

परिवर्तनसम्बन्धी प्रतिवेदनले सहयोग पुऱ्याउने धारणा व्यक्त गरे। प्रतिवेदनमा खडेरी, बाढी, पहिरो, वन अतिक्रमण र डढेलो, भूक्षय, रासायनिक मल एवं विषादीको अधिक प्रयोगलगायतका कारण तापक्रम वृद्धि भई जलवायु परिवर्तनको असर देखिएको उल्लेख छ।



**शिवको मूर्ति:** मोरङको सुन्दरहरैंचा नगरपालिकास्थित सलकपुर बजारमा निर्माण गरिएको भगवान् शिवको मूर्ति। तस्बिर: मणिराम दाहाल⁄रासस

# वैशाखमा आगलागी र वन डढेलोबाट २६ जनाको मृत्यु

काठमाडौँ, ३१ वैशाख⁄रासस

वैशाखमा अधिकतम तापक्रममा वृद्धि भएसँगै मुलुकभर भएका आगलागी र वन डढेलोका घटनाबाट धेरै जनधनको क्षति भएको छ। वैशाखमा डढेलो तथा आगलागीका घटनामा परी देशभर २६ जनाको मृत्यु भएको जनाइएको छ।

लामो समय सुख्खा खडेरी हुँदा वैशाखमा मात्र देशभर आगलागीका ८९१ र डढेलोका ५७३ घटना भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। आगलागीका घटनामा परी २० जनाको मृत्यु भएको थियो भने ७३ जना घाइते भएका थिए।

त्यस्तै, डढेलोका घटनामा परी छजनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिए। आगलागीबाट एक हजार ३६४ र डढेलोबाट ४०७ घरपरिवार प्रभावित भएका थिए।

त्यस्तै, यस अवधिमा चटचाङबाट आठ, उचाइमा लेक लागेर दुई, बाढी र जनावरको आक्रमणबाट एक⁄एक जनाको मृत्यु भएको थियो। वन तथा भूसंरक्षण विभागले दिएको जानकारी अनुसार वैशाख महिनामा मात्र यतिधेरै डढेलोका घटना भएको सम्भवतः पहिलोपटक हो। नेपालमा खासगरी माघदेखि जेठसम्म बढी आगलागी र डढेलो लाग्ने गरेको छ।

नेपालमा विशेषगरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिए। यस वर्ष हिउँदे वर्षा न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ।

डढेलोका कारणमध्ये स्थानीयले घाँसको मुना पलाउने आसमा जानाजानी आगो लगाउने गरेका छन्। डढेलो वन व्यवस्थापनको राम्रो औजार भएपनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारो भनाइ छ। वनजङ्गलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिंडी, चुरोटका ठुटाबाट समेत वन डढेलो लाग्ने गरेको उनले जानकारी दिए।

कतिपय संरक्षित क्षेत्रमा स्थानीयले प्रवेश गर्न नपाएको र स्रोतको प्रयोग गर्न नपाएको आवेगमा समेत आगो लगाउने गरेको देखिएको छ। पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलोबीचको दुश्चक्रीय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि भएको पाइएको जनाइएको छ।

# उपप्रधानमन्त्री यादवद्वारा राजीनामा

काठमाडौँ, ३१ वैशाख⁄रासस

उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले पदबाट राजीनामा दिएका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्षसमेत रहेका यादवले सोमवार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष राजीनामा बुझाएका हुन्।

"आज बिहान प्रधानमन्त्री दाहालसमक्ष राजीनामा बुझाएको छु, वर्तमान विकसित राजनीतिक परिस्थितिमा सरकारमै रहेर सहकार्यलाई निरन्तरता दिन नसकिने भएकोले जिम्मेवारीबाट राजीनामा दिन चाहन्छु"–उनले भने। उनले आजका दिनसम्म सरकारमा रहेर सहकार्य गर्ने अवसर दिएकोमा प्रधानमन्त्रीलाई धन्यवादसमेत दिए।

त्यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री दीपक कार्कीले पनि आजै पदबाट राजीनामा दिएका छन्। जसपा राजनीतिक समिति सदस्यसमेत रहेका उनले आजै राजीनामा बुझाएका हुन्।

# उत्खनन् र अनुसन्धानको पर्खाइमा दुई हजार छ सय वर्ष पुरानो मन्दिर

बरहथवा (सर्लाही), ३१ वैशाख/रासस

धार्मिक पर्यटनको प्रशस्त सम्भावना बोकेको सर्लाहीको बरहथवा



नगरपालिकास्थित मुक्तेश्वर महादेव मन्दिर उत्खनन र अनुसन्धानको पर्खाइमा रहेको छ। बरहथवा नगरपालिका–९ मूर्तियामा रहेको ऐतिहासिक मुक्तेश्वर मन्दिर प्रचारप्रसार अभावमा गुमनाम बनेको हो। दुई हजार छ सय वर्ष पुरानो इतिहास बोकेको मन्दिर बजेट अभावले संरक्षणमा समेत चुनौती थपिएको छ। बजेट अभावमा पुनर्निर्माण हुन नसक्दा मन्दिर अलपत्र बनेको हो। मन्दिर परिसरमा रहेका ऐतिहासिक संरचनासमेत जीर्ण अवस्थामा पुगेको वडाध्यक्ष तुलसीप्रसाद लुइँटेलले जानकारी दिए।

पूर्व–पश्चिम राजमार्गबाट १० किलोमिटरको दूरीमा रहेको यस मन्दिर निकै पुरानो रहेको स्थानीयले बताउने गरेका छन्। यस मन्दिरमा दैवीशक्ति रहेको स्थानीय विमला कार्कीको भनाइ छ। विशेषगरी यस मन्दिरमा साउनको सोमवार र शिवरात्रिमा भक्तजनको बाक्लो घुइँचो लाग्ने गरेको छ। उक्त समयमा मन्दिर दर्शनका लागि नेपाल तथा भारतका विभिन्न स्थानबाट भक्तजन आइपुग्ने गरेका छन्।

ऐतिहासिक मुक्तेश्वर मन्दिर लगभग दुई हजार छ सय वर्ष पुरानो भएको वडाध्यक्ष लुइँटेलले बताए। विभिन्न दस्तावेजमा उल्लेख भए अनुसार दुई हजार छ सय वर्ष पहिला भक्तपुरको तलेजु भवानी मन्दिरसँगै गयासुद्दीन भन्ने भारतका शासकले यस मन्दिर पनि भत्काइदिएका थिए। तलेजु भगवतीको मन्दिर भत्काएर फर्कने क्रममा बाटोमा रहेको यस मन्दिरसमेत ध्वस्त बनाइदिएको स्थानीय जानकारको भनाइ छ। बरहथवा नगरपालिका–९ का स्थानीय ८२ वर्षीय चन्द्रनिधि तिवारीले तत्कालीन अवस्थामा यस क्षेत्र चीन र भारत वर्षको व्यापारिक केन्द्र सुवर्णग्राम शहरको रूपमा रहेको कौटिल्य अर्थशास्त्रमा उल्लेख रहेको दाबी गरे। ग्यासुद्दीनले मन्दिर र शहरमा आक्रमण गरेपछि यस क्षेत्र जङ्गलमा परिणत भएको उनको भनाइ छ। यस मन्दिर आसपासमा अझै पनि बुद्धकालीन इँटा फेला पर्ने गरेको स्थानीयको भनाइ छ।

मन्दिर परिसरमा रहेका संरचनामध्ये मूल मन्दिरको पुरातत्त्व विभागले पुनर्निर्माण गरेको थियो। सोही क्रममा मन्दिरमा प्रयोग भएको कलात्मक ढुङ्गामा दुई हजार छ सय वर्ष पुरानो बोलीचालीको भाषाको ब्रह्म लिपि फेला परेको हो। पुरातत्त्व विभागका योजना शाखा प्रमुख रामबहादुर कुँवरको नेतृत्वमा भएको उत्खनन तथा पुनर्निर्माणका क्रममा ढुङ्गाको ब्लकमा ब्रह्म लिपि अर्थात् पाली भाषामा कुँदिएको सामग्री फेला परेको थियो। "मन्दिर बनाउन प्रयोग गरेको ढुङ्गामा पाली भाषामा लेखिएको भेटियो," वडाध्यक्ष लुइँटेलले भने, "काम गर्ने मन्दिर बनाउने कर्मीले पक्कै त्यति बेलाको बोलीचालीको भाषा नै ढुङ्गामा कुँदेको हुनुपर्छ। यसले पनि यो मन्दिर ऐतिहासिक हो, भन्ने पुष्टि गरेको छ।" यस क्षेत्रमा चार फिट गहिरो खन्ने बित्तिकै आठ/आठ, ११/११, १२/१२ आकारका बुद्धकालीन इँटाले लेआउट गरेको फेला पर्ने गरेको स्थानीय रामकुमार नेपालले बताए।

यसरी ध्वस्त बनाइएको यस ऐतिहासिक मन्दिरको तीन किलोमिटर दक्षिणमा लौकठ, हीरापुरलगायतका गाउँ रहेका थिए। उक्त गाउँमा बाग्मती,



सोतीलगायतका स्थानीय खोलाको बाढी पसेपछि २०११ सालमा स्थानीय यस मन्दिरनजीकै बसाइ सरेका थिए। गाउँ बढ्दै जाँदा यस मन्दिरको संरचना फेला परेको स्थानीय ७४ वर्षका कृष्ण कडरियाले जानकारी दिए। त्यसपछि मन्दिरमा भक्तजनको आवतजावत शुरू भएको थियो।

विसं २०२२ मा स्थानीयको पहलमा मन्दिर क्षेत्र सरसफाइ तथा यत्रतत्र रहेका मन्दिरका मूर्ति, गजुरलगायतका सामान जम्मा गरेर मन्दिर स्थापना गरिएको कडरियाले बताए। मन्दिरको तीन सय मिटरदेखि तीन किलोमिटरको दूरीमा समकालीन चक्रेश्वर महादेव मन्दिर, गणेश मन्दिर, कटकुइया (काठको पानी खाने ड्रुँड), पोखरी, गुलरिया ताल, किसनपुर पोखरी, ब्रह्मनाल गुफालगायतका संरचना अहिले पनि छन्। यी संरचना संरक्षणको अभावमा नष्ट हुने अवस्थामा पुगेको वडाध्यक्ष लुइँटेलले बताए। मन्दिर परिसरमा रहेको १० फिट गहिरो ४२ फिट लामो सुरुङसमेत संरक्षण हुन नसक्दा भत्किने अवस्थामा पुगेको छ।

**बजेट अभावले उत्खनन र पुनर्निर्माण अलपत्र**

बजेट अभावमा यस मन्दिर क्षेत्रको उत्खनन र पुनर्निर्माण पूरा हुन नसकेको बरहथवा नगरपालिकाले जनाएको छ। ठूलो धनराशि लाग्ने भएपछि मन्दिर क्षेत्रको पहिलो चरणको पुनर्निर्माण गरेर अरू त्यसै छाडिएको छ। स्थानीय तहको पहलमा २०७२/७३ देखि मन्दिरको मुख्य संरचनाको पुनर्निर्माण शुरू भएको थियो।

दुईपटक गरेर पुरातत्त्व विभागले पहिलोपटक रु एक करोड र दोस्रोपटक रु पाँच करोड ३२ लाख लगानीमा मूल मन्दिरको पुनर्निर्माण गरेको थियो। विभागले सात वर्ष लगाएर मन्दिरको पुनर्निर्माण तथा उत्खनन गरेको थियो। पहिलो चरणमा भाष्करराज र दोस्रो चरणमा विभागका योजना शाखा प्रमुख कुँवरको नेतृत्वमा मन्दिरस्थलमा उत्खनन र पुनर्निर्माण भएको हो। बजेट अभाव भएपछि अन्य संरचना यसै छोडेर टोली फर्किएको थियो। यस क्षेत्रका अन्य संरचनासमेत निकै ऐतिहासिक रहेकाले उत्खनन र पुनर्निर्माण आवश्यक रहेको योजना प्रमुख कुँवरले बताएको वडाध्यक्ष लुइँटेलको भनाइ छ।

विभागले गरेको अनुसन्धानबाट लुम्बिनीको मायादेवी मन्दिरमा फेला परेकै भाषा र जमीनमुनिको इँटा यस मुक्तेश्वर मन्दिर परिसरमा पनि फेला परेको हो। यस अर्थमा पनि यो मन्दिरको संरचना पनि समकालीन रहेको दाबी गरिएको छ। यस मन्दिरको संरचना पुनर्निर्माण तथा यस क्षेत्रको उत्खननका लागि पुरातत्त्व विभागबाहेक कतैबाट बजेटको व्यवस्था नभएको नगरपालिकाकी प्रमुख कल्पनाकुमारी कटुवालले बताइन्।

बजेट नभएकै कारण धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको यस मन्दिरको प्रचारप्रसार तथा संरक्षण र पुनर्निर्माणका बाँकी काम अलपत्र परेको उनको भनाइ छ।

# उद्योगमन्त्री भण्डारीसँग चिनियाँ लगानीकर्ताको भेट

काठमाडौं, ३१ वैशाख/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग चिनियाँ लगानीकर्ताले सोमवार भेट गरेका छन्।

मन्त्रालयमा भएको भेटमा मन्त्री भण्डारीले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीमैत्री वातावरण रहेकाले उद्योग तथा व्यवसाय खोल्न आग्रह गरे। मन्त्री भण्डारीले भने, "तपाईंहरू लगानी गर्नुस्, सरकार लगानीको वातावरण बनाउन तयार छ, केही कानूनी जटिलता हटाएका छौं, फेरि पनि कुनै समस्या भए सरकारले सहज वातावरण बनाउँछ।"

नेपालमा लगानी गर्ने उत्साहका साथ आएको चिनियाँ उद्योगी तथा व्यवसायीको टोलीसँग उनले चिनियाँ पूँजी र प्रविधि भित्र्याउन सरकार आतुर रहेको बताए।

"लगानी गर्ने मनसायले नेपाल आउनुभएको छ, सरकारका तर्फबाट धन्यवादसहित म हार्दिक स्वागत गर्छु, प्रस्ताव ल्याउनुस्, छलफल गर्छौं, अनुकूल वातावरण मिलाउँछौं, ढुक्कले लगानी गर्नुस्, प्रतिफल तपाईंहरूले राम्रै पाउनुहुन्छ।"

नेपालमा विदेशी लगानीको वातावरण बन्दै गएको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाल र चीनबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास गरे। उनले भने, "तपाईंहरू लगानी गर्ने मनसायले आउनुभएको छ, यसले हामीलाई पनि उत्साहित बनाएको छ, लगानी भित्रिएपछि झन् उत्साहित बनाउँछ, चाँडै लगानीको पर्खाइमा हामी छौं।"

सो क्रममा वाणिज्य सचिव दिनेशकुमार घिमिरेले नेपाल र चीनबीच सदियौंदेखिको व्यापार सम्बन्ध रहेको उल्लेख गर्दै नेपालमा लगानी गर्ने मनसायले आएकामा चिनियाँ टोलीसँग खुशी व्यक्त गरे।

उनले भने, "सरकारले नेपालमा लगानीका लागि नीतिगत सुधार गर्दै लगेको छ, नेपालमा खानी, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा लगानीको प्रशस्त सम्भावना छ, लगानीको सम्भावना सुनिश्चित छ।" चिनियाँ टोलीमा चीनका कृषि, ऊर्जा, पर्यटन, खानी, निर्माणसम्बन्धी कम्पनीलगायतका उद्योगी तथा व्यवसायी सहभागी थिए।



**अल्लोको धागो काट्दैः** घोराही उपमहानगरपालिका–१३ स्थित बडहराकी माया रोका भेडी गोठालो गएको समयमा ताकुमा अल्लोको धागो काट्दै।
तस्बिरः कुलदीप न्यौपाने/रासस

## फरक समाचार

# के हो डेल्युजनशीप सम्बन्ध ?

डेल्युजनशिप (भ्रम) एउटा मानसिक अवस्था हो, जसमा एक व्यक्तिले आफ्नो वास्तविक जीवनबारे भ्रम पाल्न थाल्छ। कुनै व्यक्ति कसैको प्रेममा पर्छ र पछि उसलाई आफ्नो क्रशले पनि उत्तिकै माया गरेको महसूस गर्न थाल्छ। अर्थात् सो व्यक्तिले मायाको सट्टा माया पाइरहेको महसूस गर्छ तर यथार्थमा यस्तो हुँदैन।



भ्रमको कारण के हो ? एक समझदार वा तार्किक व्यक्ति कहिल्यै भ्रममा पर्दैन, किनकि उसले सजिलै बुझ्छ कि कुनै व्यक्तिप्रति उसको आकर्षण वा प्रेम एकतर्फी छ। अर्थात् अर्को व्यक्तिबाट समान प्रतिक्रिया प्राप्त हुने कुनै प्रत्याभूति छैन। भ्रम, त्यस्ता व्यक्तिहरूलाई मात्र हुन्छ, जो वास्तविकता र भ्रममा फरक गर्न असमर्थ हुन्छन् र त्यसपछि अनावश्यक सपना देख्न थाल्छन्।

**भ्रमका बेफाइदाहरूः**

**सत्य स्वीकार गर्न कठिनाइ–** यदि कोही व्यक्ति लामो समयसम्म भ्रममा रहन्छ भने उसलाई सपनाको संसारमा बाँचिरहेको छु भन्ने विश्वास गर्न गाह्रो हुन्छ। उसलाई उसको सबै सपना सत्य लाग्न थाल्छ। तर वास्तविक जीवनमा के भइरहेको छ भन्ने कुरामा ध्यान दिन सक्दैन। यसले घाटा बेहोर्नुपर्ने स्पष्ट छ।

**मानसिक स्वास्थ्यमा प्रभावः** भ्रमको नतीजा नराम्रो हुन सक्छ, किनकि जब तपाईं आफ्नो क्रशबाट आफूले गरेजस्तो माया फिर्ता पाउनुहुँदैन भने त्यति बेला यो अवस्था तनावमा परिणत हुन्छ। सबैलाई थाहा छ, तनाव धेरै रोग र समस्याहरूको मूल हो।


**आफैंलाई हानि गर्ने डरः** जब कुनै व्यक्ति आफ्नो भ्रमलाई स्वीकार गर्न सक्दैन र केही समयपछि सत्यको सामना गर्छ, उसले आफैंलाई हानि पुऱ्याउँछ। धेरै अवस्थामा मानिसहरू एकतर्फी प्रेममा परेर आत्महत्या पनि गर्छन्। जुन खतरनाक अवस्था हो।

**ईर्ष्या महसूस गर्नेः** जब तपाईंलाई मनपर्ने व्यक्तिले अरू कसैलाई माया गर्न थाल्छ वा उसको विवाह पक्का हुन्छ, तब भ्रममा परेर तपाईंलाई त्यस व्यक्तिसँग ईर्ष्या हुन थाल्छ र त्यसपछि तपाईंले त्यस व्यक्तिलाई हानि पुऱ्याउन प्रयास गर्न सक्नुहुन्छ।

# यसरी सुत्दा एसिड रिफ्लक्सको समस्या हुन्छ

धेरैपटक हाम्रो खानपान र जीवनशैलीको समस्याका कारण छाती वा घाँटीमा जलन महसूस हुन्छ। यस समस्यालाई अङ्ग्रेजीमा हार्ट बर्न वा एसिड रिफ्लक्स भनिन्छ। यो एउटा सामान्य समस्या हो, तर यसलाई समयमा समाधान गर्नुपर्छ अन्यथा पछि धेरै समस्या हुन सक्छ। गलत तरीकाले सुत्ने बानीका कारणले पनि यस्ता समस्याको सामना गर्नुपर्छ।

**एसिड रिफ्लक्स के हो ?** एसिड रिफ्लक्स वा हार्ट बर्न पाचनसँग सम्बन्धित समस्या हो, जसमा हाम्रो खाना पचाउन प्रयोग हुने एसिड खानाको नली अर्थात्




अन्ननलीबाट घाँटीमा पुग्छ, जसले समस्या निम्त्याउँछ।


**एसिड रिफ्लक्सको मुख्य लक्षणः** पेटको एसिड घाँटीमा पुग्नु, घाँटीमा अमिलो महसूस हुनु, छाती वा घाँटीमा जलन, खाना निल्न कठिनाइ हुन्छ।

**घाँटीमा किन जलन हुन्छ ?** खाना पचाउनको लागि, हाम्रो पेटमा एसिड निस्कन्छ, जसलाई पाचन रस पनि भनिन्छ, जब खाना खानाको पाइपबाट पेटतर्फ जान थाल्छ, एउटा भल्भ खुल्छ र खाना पेटमा पुग्छ। जब एसिडको मात्रा बढ्छ, यो खानाको नलीबाट घाँटीतिर फर्कन थाल्छ, जसले गर्दा छातीमा जलनको समस्या हुन्छ।

**यसरी सुत्दा समस्या हुन्छः** घाँटीमा जलन हुनु तपाईंको सुत्ने आसनसँग सम्बन्धित छ, यदि तपाईं घोप्टो वा उत्तानो परेर बढी सुत्नुहुन्छ भने एसिड रिफ्लक्सको सम्भावना धेरै बढ्छ। त्यसैले धेरैजसो स्वास्थ्य विज्ञहरूका अनुसार कोल्टे परेर सुत्दा यस प्रकारको समस्याबाट बच्न सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# स्वास्थ्य गुणले भरिपूर्ण एभोकाडो



# अन्तर्राष्ट्रिय समाचार

## इन्डोनेशियामा बाढीबाट मर्नेको सङ्ख्या बढेर ४१ पुग्यो, १७ बेपत्ता

इन्डोनेसिया, ३१ वैशाख/एएफपी

सप्ताहन्तमा पश्चिमी इन्डोनेशियामा ज्वालामुखीबाट आएको आकस्मिक बाढी र चीसो लावा प्रवाहबाट प्रभावित भई मृत्यु हुनेको सङ्ख्या ४१ पुगेको छ। घटनामा परी थप १७ जना बेपत्ता भएको स्थानीय विपद् एजेन्सीका अधिकारीले सोमवार बताएका छन्।


तस्वीर: एजेन्सी

घण्टौंसम्म परेको भारी वर्षाका कारण शनिवार साँझ इन्डोनेशियाको सबैभन्दा सक्रिय ज्वालामुखीमध्येको एक सुमात्रा टापुको दुई जिल्लामा ठूलो ज्वालामुखीसहित चट्टान खस्दा सडक, घर र मस्जिदहरू जलमग्न भएका छन्।

"गत रातिको आँकडा अनुसार हामीले ३७ वटा शव रेकर्ड गरेका छौं तर आज बिहान यो सङ्ख्या बढेर ४१ पुगेको छ," पश्चिमी सुमात्रा विपद् न्यूनीकरण एजेन्सीका अधिकारी इल्हाम वहाबले भने। उनका अनुसार अझै पनि उद्धारकर्ताहरूले बेपत्ता १७ जनाको खोजी गरिरहेका छन्। यसमा अगम जिल्लामा तीन र तानाह दातारमा १४ जना छन्। दुवै जिल्ला बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र छन्। यहाँ लाखौं मानिस बस्छन्।

अधिकारीहरूले मानिसहरूलाई आफन्तहरूकहाँ लगायत सुरक्षित स्थानमा जान प्रोत्साहित गरेका कारण इल्हामले खाली गरिएका स्थानीयहरूको सङ्ख्या भने पुष्टि गर्न सकेनन्। उनले पहिले पीडितहरूको खोजी र उद्धार गरी दोस्रो चरणमा विस्थापितहरूको सुरक्षा, कमजोर मानिसहरूको सुरक्षामा केन्द्रित रहेको बताए। "हाम्रो ध्यान सबैभन्दा पहिला पीडितहरूको खोजी र उद्धारमा छ, दोस्रो निकालिएका र कमजोर मानिसको सुरक्षामा छ," उनले भने।

स्रोतका अनुसार जिल्लाका सडकहरू नदीमा परिणत भएका छन् भने मस्जिद तथा घरहरू क्षतिग्रस्त भएका छन्। भारी वर्षाले छेउछाउका इलाकाहरूलाई माटोसहितको बाढीको पानीले डुबाएको छ र नजीकैको नदीमा सवारीसाधनहरू बगिरहेका छन्। ज्वालामुखीको खरानी र ठूला चट्टानहरू माउन्ट मारापीबाट तल झरेका छन्। लहर पनि भनिने चीसो लावा खरानी, बालुवा र कङ्कडसहितको ज्वालामुखीय सामग्री हो र यिनीहरू वर्षाले ज्वालामुखीको ढलानमुनि आउँछन्।

अधिकारीहरूले बेपत्ता पीडितहरूको खोजी गर्न र मानिसहरूलाई आश्रयस्थलमा लैजान उद्धारकर्ता र रबर डुङ्गाहरूको टोली पठाएका छन्। स्थानीय सरकारले आगम र तानाह दातारका धेरै क्षेत्रमा निकासी केन्द्र र आपत्कालीन चौकीहरू स्थापना गरेको छ।

राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी)ले तानाह दातारमा ८४ वटा घर, १६ वटा पुल र दुईवटा मस्जिदसहित २० हेक्टर धानखेतमा क्षति पुगेको जनाएको छ।

इन्डोनेशियामा वर्षाको मौसममा पहिरो र बाढीको जोखिम हुन्छ। सन् २०२२ मा सुमात्रा टापुमा आएको बाढीमा करीब २४ हजार मानिसलाई बाहिर निकालिएको थियो भने दुईजना बालबालिकाको मृत्यु भएको थियो। वातावरणीय अभियानकर्ताहरूले प्रकोप निम्तिनुमा वनविनाशलाई दोष दिएका छन्। रासस

## भारतमा लोकसभाको चौथो चरणको मतदान सम्पन्न

नयाँ दिल्ली, ३१ वैशाख/एएनआई

भारतको तल्लो सदन लोकसभाको चौथो चरणको मतदान शुरू भएको छ। भारतीय निर्वाचन आयोगका अनुसार बिहान ७ बजेदेखि शुरू भएको चुनावमा संसद्का ९६ स्थानका लागि सोमवार मतदान भयो।

साथै आन्ध्र प्रदेश राज्यको १७५ सदस्यीय विधानसभा र उडिसा राज्यको २८ सदस्यीय विधानसभाका लागि पनि आजै मतदान भयो।

लोकसभाका ९६ स्थानमध्ये आन्ध्र प्रदेशका २५, तेलाङ्गानाका १७, उत्तर प्रदेशका १३, महाराष्ट्रका ११, मध्यप्रदेशका आठ, पश्चिम बङ्गालका आठ, बिहारका पाँच, झारखण्ड र उडिसाका चार/चार तथा जम्मु-कश्मीरका एक स्थानमा चुनाव सम्पन्न भयो।

निर्वाचन आयोगका अनुसार यस चरणमा कुल एक हजार ७१७ उम्मेदवार चुनावी मैदानमा छन्।

यस चरणको चुनावमा एआइएआइएमका प्रमुख असासुद्दीन ओवैसी, समाजवादी पार्टीका अध्यक्ष अखिलेख यादव, पश्चिम बङ्गाल काङ्ग्रेसका प्रमुख अधीररञ्जन चौधरी, टिएमसीका नेता महुआ मोइत्रा, भाजपाका नेता गिरिराज सिंह, जनता दल युनाइटेडका राजीवरञ्जन सिंह (ललन सिंह), टिएमसीका नेता शत्रुघ्न सिन्हा र क्रिकेट खेलाडी युसुफ पठान मुख्य प्रतिस्पर्धी छन्।

तेस्रो चरणको मतदानसम्म २८३ स्थानको चुनाव शान्तिपूर्ण सम्पन्न भइसकेको छ। भारतको लोकसभामा ५४३ स्थान छ। रासस

## जापानको ७७ प्रतिशत कोभिड-१९ मौखिक औषधि नष्ट गरिने

टोकियो, ३१ वैशाख/सिन्हवा

जापानले खरीद गरेको कोभिड-१९ मौखिक औषधिको ७७ प्रतिशत प्रयोग नगरी नष्ट गर्ने तयारी गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

जापान सरकारले महामारीको समयमा ५६ लाख मानिसका लागि मौखिक औषधि सुरक्षित गरेको थियो। त्यसमध्ये ४३ लाख मानिसका लागि औषधि प्रयोगविहीन रहेको क्योदो न्यूजले जनाएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार जापानले २० लाखका लागि शिओनोगी एन्ड कम्पनीले उत्पादन गरेको एक्सोभा टचाब्लेट, १६ लाखका लागि मर्क एन्ड कम्पनीले बनाएको लागेभ्रियो क्याप्सुल र २० लाखका लागि फाइजर इन्कले उत्पादन गरेको प्याक्सलोभिड चक्की सुरक्षित गरेर राखेको थियो।

औषधिका लागि भुक्तानी गरिएको रकम प्रतिवेदनमा खुलाइएको छैन। तीन खर्ब येन (करीब एक अर्ब ९३ करोड अमेरिकी डलर) मूल्यको अनुमानित बाँकी औषधि म्याद सकिएपछि नष्ट गरिनेछ। जापानले पहिले नै प्रयोग नगरिएका कोभिड-१९ खोपका २४ करोड डोज डिस्पोज गरिसकेको छ। यसको मूल्य छ खर्ब ६५ अर्ब ३० करोड येन (लगभग चार अर्ब २७ करोड डलर) रहेको क्योदो न्यूजले जनाएको छ। रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – मित्रमिलन |
| मिथुन – अतिथिआगमन | कर्कट – धनलाभ |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – राज्यलाभ |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – कडाश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**सीमानाकामा आकर्षक प्रवेशद्वार:** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ स्थित मुख्य भन्सार कार्यालयसँगै नेपाल र भारतको सीमानाकामा जानकी मन्दिरको झलक दिने गरी निर्माणाधीन आकर्षक प्रवेशद्वार।
तस्बिर: सञ्जीतकुमार मण्डल/रासस

### शिक्षा मन्त्रालयको ...

छन्। नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षक कर्मचारीका सेवासुविधा र पेशागत माग सम्बोधनका लागि निरन्तर लागिरहने उल्लेख गर्दै ट्रेड युनियन अधिकार कानूनी अधिकार भएकोले यसबाट कसैलाई वञ्चित गर्न नसकिने जिकिर गरे।

महासङ्घ विद्यमान कानूनी व्यवस्थाबाटै स्थापित भएकोले मन्त्रालयको निर्देशनले शिक्षक-कर्मचारीका पेशागत संस्थालाई असर नपर्ने बताए।

नेपाल शिक्षक सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले पनि कानूनमैं भएको व्यवस्था कार्यान्वयनका लागि तयार नहुने कारण नभएको भन्दै तर शिक्षामन्त्री वा उच्च कर्मचारीले यसलाई 'स्टन्ड' का रूपमा बढी प्रचार गर्न नहुने जनाए। शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासङ्घका प्रतिनिधिबीच शनिवार भएको भेटवार्तामा उक्त निर्देशनका यही विषयमा छलफल भएको रावलले जानकारी दिए।

"हामी शिक्षक सक्रिय राजननीतिमा लाग्न हुँदैन भन्नेमा स्पष्ट छौं, सङ्घका कुनै पनि सदस्यलाई हामीले सक्रिय राजनीतिमा लाग्न भनेका छैनौं। कुनै दल विशेषमा व्यक्तिगतरूपमा कोही शिक्षक सदस्य छन् भने त्यसलाई सम्बन्धित दल र शिक्षकले कानूनतः मिलाउनुपर्छ"-शिक्षक नेता रावलले भने- "तर शिक्षक र कर्मचारीको राजनीतिक आस्था हुन सक्छ, त्यसलाई रोक्न पाइँदैन।"

नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले एकाधबाहेक अधिकांश विद्यालय कर्मचारी राजनीतिक दलको सदस्य र कार्यकारिणी सदस्य नरहेको जनाउँदै कानूनी व्यवस्था पालनामा शिक्षक पनि सकारात्मक हुनुको विकल्प नभएको बताए।

शिक्षामन्त्री श्रेष्ठले शिक्षा क्षेत्रमा दलीय राजनीति अन्त्य गर्नका लागि निर्ममरूपमा प्रस्तुत हुने बताउँदै आएकी छन्। मन्त्री श्रेष्ठले आफ्नो कार्यकालको एक महीने अवधिमा भएका सुधारसम्बन्धी जानकारी गत चैत २३ गते सिंहदरबारमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्राध्यापक, शिक्षक वा कर्मचारीले दलीय राजनीति गरेको प्रमाण भेटिएमा उजूरी दिन आग्रह गर्दै उजूरीलाई कानूनबमोजिम सम्बन्धित निकायमार्फत कारबाई गराइने दृढता व्यक्त गरेकी थिइन्।

हाल प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्मका स्थायी, अस्थायी, राहत, करारलगायत करीब तीन लाख ५० हजार शिक्षक कार्यरत छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – मित्रमिलन |
| मिथुन – अतिथिआगमन | कर्कट – धनलाभ |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – राज्यलाभ |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – कडाश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### तरकारी ...

बताए। गाउँपालिकाकै योजना अन्तर्गत लाखौंको लगानीमा बेमौसमी तरकारी उत्पादनका लागि निर्माण गरिएका सेड प्रयोगविहीन रहेको उनले बताए।

यसका साथै पालिकाहरूले युवाहरूमा रोजगार सृजना गर्ने उद्देश्यले अन्य विभिन्न कार्यक्रममा वार्षिक लाखौं रुपियाँ खर्च गर्छन्। पालिकाहरूले अगरबत्ती, साबुन, अचार, मैनबती बनाउने तालीम, ब्यूटीशियन तालीम, मोबाइल बनाउने तालीम, इलेक्ट्रिसियन तालीम, अल्मुनियमसम्बन्धी तालीमदेखि लोकसेवा आयोगको तैयारी कक्षाको लागि पनि तालीम कार्यक्रम सञ्चालन गरेका छन्। तर यी तालीमहरूमा सहभागी कतिजना युवा आत्मनिर्भर बन्न सकेका छन्? पञ्जियार प्रश्न गर्छन्।

## राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदन सार्वजनिक

काठमाडौं, ३१ वैशाख/रासस

केन्द्रीय तथ्याङ्क कार्यालयले मुलुकको हिमाल, पहाड र तराईको वस्तुस्थितिमा आधारित भई तयार पारेको राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)को सहयोगमा २९ जिल्लाका छ हजार पाँच सय घरपरिवारमा पुगी तयार पारिएको सो प्रतिवेदन प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेल र नेपालस्थित युएनडिपीका आवासीय उपप्रमुख जुलियन सेभिलार्डले सोमवार सार्वजनिक गरेका हुन्।

कम्तीमा २५ वर्ष एकै स्थानमा बसोबास गर्दै आएका ४५ वर्षमाथिका सर्वसाधारणलाई सोधिएको प्रश्नावलीका आधारमा प्रतिवेदन तयार गरिएको तथ्याङ्क कार्यालयले जनाएको छ।

सो अवसरमा प्रमुख तथ्याङ्क अधिकारी पोखरेलले देशको समग्र भूभाग समेट्ने गरी जलवायु परिवर्तनसम्बन्धी तयार गरिएको प्रतिवेदन नीति निर्माण तहमा कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरे।

युएनडिपीका उपप्रमुख सेभिलार्डले सरकारी निकायसहित विकास साझेदार र गैरसरकारी संस्थालाई नीति निर्माण एवं कार्यक्रम तर्जुमा गर्न जलवायु

(बाँकी तेस्रो पातामा)



सोमवार बिहान र दिउँसो केहीबेर वर्षा भएपछि पर्सागढी नगरपालिकाको सडकछेउमा जमेको पानी।
तस्वीर: बलिराम शुक्ला

# सशस्त्र प्रहरी उपरीक्षकद्वयको स्वागत र बिदाइ

प्रस, वीरगंज, ३१ वैशाख/

वीरगंज उद्योग वाणिज्य सङ्घले



तस्वीर: सौजन्य

पर्सामा सरुवा भई आएका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाललाई स्वागत र पर्साबाट सरुवा भएका सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यलाई बिदाइ गरेको छ । सोमवार वीउवासङ्घले आयोजना गरेको कार्यक्रममा अध्यक्ष अनिलकुमार अग्रवालले यस क्षेत्रको औद्योगिक, व्यापारिक महत्त्व तथा उपादेयताबारे प्रकाश पारेका थिए ।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका सशस्त्र प्रहरी उपरीक्षक धिमालले आफ्नो कार्यकालमा सक्रियतापूर्वक कार्य सम्पादन गर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारिणी सदस्य सुबोधकुमार गुप्ताले खुला सीमा हाम्रोलागि अवसर र चुनौती भएकोले शान्ति सुरक्षा, तस्करी नियन्त्रणमा सशस्त्र प्रहरीले भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले औद्योगिक सुरक्षा बलको पुनर्स्थापनामा सबैको सहकार्य अपरिहार्य भएको बताए ।

सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले वीउवासङ्घले सामाजिक विकासको लागि निर्वाह गरेको भूमिको सराहना गरे ।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष हरि गौतमले धन्यवाद र कार्यक्रमको सञ्चालन महासचिव आशिष लाठले गरेका थिए । कार्यक्रममा नेपाल भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष अशोककुमार बैद, कोषाध्यक्ष शिवजीप्रसाद कलवार, सहकोषाध्यक्ष अनोज रूँगटालगायतको सहभागिता थियो ।

## सालिक पुनर्स्थापित

प्रस, वीरगंज, ३१ वैशाख/

मधेस जनविद्रोह र नाकाबन्दीको समयमा वीरगंज महानगर–२ इदगाहचोकमा



रहेको स्व गिरिजाप्रसाद कोइरालाको सालिक तोडफोड भएपछि अहिले पूर्णकदको सालिक निर्माण गरिएको छ ।

मधेस प्रदेश सरकारको साढे ११ लाख रुपैयाँको लागतमा स्व कोइरालाको पूर्णकदको सालिक स्थापना गरिएको छ । वीरगंज महानगरपालिकाले सर्वप्रथम स्व कोइरालाको पूर्णकदको सालिक रु छ लाखको लागतमा निर्माण गरेको थियो । निर्माणको केही वर्षमा सो सालिक तोडफोड गरिएपछि अहिले करीब नौ वर्षपछि पूर्णकदको सालिक स्थापना गरिएको हो ।

जिपी फाउन्डेशन, मधेस प्रदेशका अध्यक्ष महम्मद सहाबुद्दीनले स्व कोइरालाको जन्मजयन्तीको अवसरमा असारमा सालिक अनावरण कार्यक्रम आयोजना गरिने बताए ।

## वन क्षेत्रमा ....

अध्यक्ष रामप्रसाद पाण्डेले बताए । उनले नियमसङ्गत सोधिएको पत्रको जवाफ नदिएकोले जबरजस्ती सञ्चालित उद्योगविरुद्ध कानूनी कारबाही अगाडि बढाउने बताए ।

वन समूहका सचिव दीपक श्रेष्ठले पनि उद्योग बन्द गरी मेशीन, सवारीसाधनहरू लैजान मौखिक र लिखित जानकारी गराएको तर अटेर गरेको कारण अब कानूनी उपचारको बाटो अपनाउने बताए । उनले ३/४ कट्ठा जग्गाबाट शुरू गरिएको उद्योगले अहिले एक बिघा क्षेत्रफल ओगटेको बताए । कालोपत्र पिच पगाल्ने क्रममा निस्कने धूवाँले मानव स्वास्थ्यमा नराम्रो असर पारिरहेको स्थानीय बुधराज श्रेष्ठले गुनासो गरे ।

अस्फाल्ट पिच तयार गर्दा निस्कने धूवाँले वन्यजन्तु, चराचुरुङ्गीलगायत प्राणी र वातावरणमा गम्भीर असर पारिरहेको उनले बताए । अनधिकृतरूपमा सञ्चालित सो उद्योग हटाउन सामुदायिक वन समूहलाई आग्रह गरिएको सबडिभिजन वन कार्यालय भमराका अधिकृत रघुनाथ दासले बताए । विनाइजाजत वन क्षेत्रमा सञ्चालित उद्योग हटाइने डिभिजन वन कार्यालय, बाराका प्रमुख विनोद सिंहले बताए । उनले भने– “मातहतका निकायलाई निर्देशन दिइसकिएको छ, अब अविलम्ब कारबाही गरिनेछ ।”





### गर्मीयाममा लाग्न सक्ने रोगबाट छुटकारा पाउन:

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## मेयरकप टी–२० : पकाहामैनपुर र विन्ध्यवासिनी फाइनलमा

सुग्रीव साह, भिस्वा, ३१ वैशाख/

छिपहरमाई गाउँपालिकाको सहयोगमा युवा समाज भिस्वाले आयोजना गरेको मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार सेमिफाइनल चरणका खेलहरू सम्पन्न भएका छन् ।





तस्वीर: प्रतीक

आज भएको पहिलो सेमिफाइनल खेलमा वीरगंज महानगर–२६ अठराहा सुगौलीलाई पकाहामैनपुर गाउँपालिकाले तीन विकेट अन्तरले पराजित गरी फाइनलमा प्रवेश गरेको छ ।

टस हारेर ब्याटिङको निम्ता पाएको वीरगंज–२६ अठराहा सुगौलीले निर्धारित १६ ओभरको खेलमा सबै विकेट गुमाएर ६८ रन बनाएको थियो । प्रतिउत्तरमा पकाहामैनपुरले सात विकेट गुमाएर ६९ रन बनाइ विजयी भयो । पहिलो सेमिफाइनल खेलको ‘म्यान अफ दी म्याच’ पकाहामैनपुरका विजय महतो घोषित भए । उनलाई प्रतीक दैनिकका संवाददाता सुग्रीव साहले पुरस्कार प्रदान गरेका थिए ।

दोस्रो सेमिफाइनलमा विन्ध्यवासिनी गाउँपालिका विजयी भएर फाइनलमा प्रवेश गरेको छ । टस जितेर विन्ध्यवासिनीले कालिकामाई गापालाई ब्याटिङको निम्तो दिएको थियो । ११ ओभरमा सबै विकेट गुमाएर कालिकामाई २८ रनमा सीमित भयो । विन्ध्यवासिनी गापाले सो लक्ष्यलाई छ ओभरमा पूरा गरी जीत हासिल गर्‍यो । यस खेलको ‘म्यान अफ दी म्याच’ विन्ध्यवासिनीका टाइगर घोषित भए । उनलाई नेपाली काङ्ग्रेसका किशोरीप्रसाद कानूले पुरस्कृत गरे ।

भोलि मङ्गलवार पकाहामैनपुर र विन्ध्यवासिनीबीच फाइनल खेल हुने आयोजक कमिटीले जानकारी गराएको छ ।

## नेपाल एपिएफ क्लबले बाग्मती प्रदेशलाई हरायो

काठमाडौं, ३१ वैशाख/रासस

सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लबले बाग्मती प्रदेशलाई आठ विकेटले हराउँदै ललितपुर मेयर्स कप राष्ट्रिय महिला टी–२० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ । एपिएफले यसअघि भएको पहिलो खेलमा कोशी प्रदेशलाई २४ रनले पराजित गरेको थियो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमवार भएको खेलमा बाग्मतीले दिएको ७४ रनको सामान्य लक्ष्य एपिएफले ११ ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो ।

एपिएफका लागि ममता चौधरीले सर्वाधिक ३५ रन बनाइन् । यसैगरी, इन्दु वर्माले १७, कप्तान सीता रानमगरले ११ र राजमती ऐरीले अविजित १० रन जोडे । बाग्मतीका लागि खुशी डङ्गोलले एक विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको बाग्मतीले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो । बाग्मतीका लागि हेनिशा गुरुङले ३१ र खुशी डङ्गोलले अविजित १४ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

एपिफका लागि करुणा भण्डारीले चार विकेट लिइन् भने सीता रानामगरले दुई विकेट लिइन् । यस जीतसँगै एपिएफले दुई खेलबाट चार अङ्क जोडेको छ । दुवै खेलमा पराजित बाग्मती अङ्कविहीन छ । बाग्मती पहिलो खेलमा आयोजक ललितपुर मेयर्स–११ सँग सात विकेटले पराजित भएको थियो ।

# मुर्ली पोखरीस्थित वडा स्वास्थ्य चौकीको शिलान्यास



प्रस, वीरगंज, ३१ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंज–१२ मुर्ली पोखरी परिसरमा निर्माण हुने वडा स्वास्थ्य चौकीको सोमवार शिलान्यास गरेका छन् ।

वडा स्वास्थ्य चौकी भाडामा सञ्चालन गर्दा कठिनाइ भएपछि आज नगरप्रमुख सिंहले भवनको शिलान्यास गर्दै तोकिएको समयमा निर्माण सम्पन्न गर्न निर्देशन दिए । नगरप्रमुख सिंहले गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सहज पुर्‍याउन भवन निर्माणको काम अघि बढाइएको बताए ।

८६ लाख ३६ हजार रुपैयाँको लागतमा असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी दिव्य/सूर्योदय/आस्था जेभीले ठेक्का सकार गरेको छ ।

कार्यक्रममा वडाध्यक्षहरू सुरेशप्रसाद गुप्ता, प्रदीप चौरसिया, अवधकिशोर प्रसाद कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईलगायतको सहभागिता थियो ।




सरकार पानी देऊ, चुरे, वनजङ्गल नमास, अतिक्रमण मुक्त गर जस्ता नारा लिएर सिराहाको भारदहदेखि सङ्घीय राजधानी काठमाडौं पदलै हिंडेर सरकारको ध्यानाकर्षण गर्न आइतवार निजगढबाट राजमार्ग हुँदै पथलैयातर्फ अघि बढ्दै चुरे संरक्षण अभियन्ताहरू । तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक